ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २६१
९ जेठ २०८० शनिबार
24 Jun. 2023, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# बटेश्वरका विद्यार्थी भन्छन् : हामीले कसरी एसईई पास गर्ने?

**शैलेन्द्र महतो**

**असार ८ गते, महेन्द्रनगर**




गएको मंगलबार दिउँसो सवा २ बजेको कुरा हो, बटेश्वरको शिवशक्ति माविको भुईंतलामा शिक्षकहरु आफ्ना मागहरु लेखेको ब्यानर झुण्ड्याएर धर्नामा बसेका थिए । छेउमा केही विद्यार्थी उभिइरहेका थिए ।

धर्ना बसेका शिक्षकहरु बेला-बेला जोडले नारा लगाइरहेका थिए, 'यथाशीघ्र तलबभत्ता भुक्तानी गर, खाईपाई आएको तलबभत्ता कट्टा गर्न पाईदैन'।'

शिक्षकहरु नारा लगाइरहँदा कक्षामा बसेका विद्यार्थीहरु बाहिर निस्केर 'पढाइ हुँदैन, घर जाउँ सर ?' भन्दै पटक पटक प्रधानाध्यापक प्रमोदशरण केवट सामु पुग्ये ।

'घण्टी खाली जाँदैन, क्लासमा गएर बस, म आउँदैछु' उनी विद्यार्थीलाई रोक्ने प्रयास गरिरहेका थिए ।

विद्यार्थीहरु यताउता जाने-आउने क्रम चलिरहेको थियो । छेउमै उभिएका छात्राहरु मध्ये कक्षा १० मा अध्ययनरत राधिकाकुमारी महतोले गुनासो गरिन् 'केही दिनदेखि सधैं ३/४ घण्टी मात्रै पढाइ हुन्छ । हामी एसईईका विद्यार्थीले कसरी पास गर्ने ?'

सँगै उभिएकी कक्षा १० की छात्रा विभाकुमारी र कृतिकुमारीले पनि राधिकाको कुरामा समर्थन जनाए ।

धनुषाको बटेश्वर गाउँपालिका ४ बटेश्वर बजारस्थित शिवशक्ति नमूना माध्यमिक विद्यालयमा शिक्षक आन्दोलनमा बसेपछि विद्यार्थी पठनपाठनबाट वञ्चित छन् । बटेश्वर गाउँपालिका कार्यालयको पूर्वपट्टि टाँसिएर रहेको यो विद्यालय राजनीति र अनियमितताको केन्द्र जस्तै बनेको छ । त्यसैले पठनपाठन भद्रगोल हुँदै गएको छ ।

कहिले तलब नपाएको भन्दै शिक्षक, कहिले पठनपाठन नभएको भन्दै विद्यार्थीले आन्दोलन गर्छन् भने कहिले व्यवस्थापन समितिमा आफ्नो वा पार्टीको प्रतिनिधित्व भएन भन्दै राजनीतिक दलहरुले होहल्ला गर्छन् ।

यस विद्यालयमा कक्षा १ देखि १० सम्म अहिले १४ सय विद्यार्थी छन् । कक्षा ११ र १२ का विद्यार्थी परीक्षा सकेर नतिजाको पर्खाइमा छन् । शिक्षको आन्दोलन र विद्यालयमा भएको अनियमितता सम्बन्धी विवादले विद्यालयको पठनपाठन एकवर्षदेखि प्रभावित छ । जसले यहाँ अध्ययनरत् १४ सय विद्यार्थीको भविष्य संकटमा पारेको छ । तर यति हुँदा पनि यो समस्या समाधानका लागि पालिकाका जनप्रतिनिधिको खासै चासो देखिदैन । जनप्रतिनिधि र प्रधानाध्यापक एकअर्कामाथि आरोप-प्रत्यारोप गर्छन् ।

आर्थिक वर्ष २०७५/७६ मा यो नमूना विद्यालय घोषणा भएको थियो । त्यसयता २०७७/७८ सम्म वर्षेनि सशर्त नमूना अनुदान स्वरुप १ करोड ५० लाख रुपैयाँ बजेट आउने गरेको थियो । २०७८/७९ देखि १ करोड रुपैयाँ आउन थालेको छ ।

प्रअ केवटका अनुसार विद्यालयमा नमूना अनुदान वापत आउने बजेटबाट ६५ प्रतिशत भवन, २५ प्रतिशत विद्यालय व्यवस्थापन र १० प्रतिशत शैक्षिक व्यवस्थापनमा खर्च गर्ने गरिएको छ ।

विद्यालयको आफ्नै आम्दानीका श्रोतहरु पनि छन्- विद्यार्थीबाट लिइने विभिन्न शुल्क, विद्यालयको स्वामित्वमा रहेको बटेश्वर बजार र जग्गा जमिनको ठेक्कापट्टाबाट आउने रकम ।

तर अनुदान र निजी श्रोतमा अध्यापन गराइरहेका शिक्षक शिक्षिकाहरुको तलब भत्ता बापत ५० लाख रुपैयाँ भुक्तानी गर्न बाँकी छ । १६ जना शिक्षक दोश्रो पटक तलबभत्ता माग गर्दै असार १ गतेदेखि धर्नामा बसेका छन् ।

बाँकी बक्यौता तलबभत्ता पटक-पटक माग गर्दा पनि नपाएपछि पुनः बाध्य भएर धर्ना बस्नु परेको निजी श्रोतका शिक्षक लोकहरि खतिवडा बताउँछन् ।

'१३ महिनादखि तलब पाएको छैन । ऋण काढेर, श्रीमतीको गहना बेची-बेची परिवार चलाउनु परेको छ । भोको पेट कति दिन पढाउने ? हाम्रो पीडा कसले बुझिदिने' शिक्षक खतिवडा भन्छन् ।

उनका अनुसार एक महिना अघि विद्यालयले आंशिक तलबभत्ता जेठ ७ गते भित्र दिने सहमति भएको थियो । तर दिइएन ।

अनुदान शिक्षक सुशील ठाकुर २०७८ फागुन यताको तलबभत्ता नै नपाएको गुनासो गर्छन् । उनी भन्छन्, 'मेरो अहिलेम्म २ लाख ७४ हजार रुपैयाँ तलबभत्ता लिन बाँकी छ । पटक पटक माग गरें तर हाम्रो समस्या कसैले बुझ्नेन ।' उनले तलब नपाएसम्म धर्ना जारी राख्ने पनि बताए ।

यसअघि तलबभत्ता माग्दै उनीहरु वैशाख २४ गतेदेखि जेठ १ गतेसम्म धर्ना बसेका थिए । त्यतिबला प्रअ, गाउँपालिकाको शिक्षा शाखा र जनप्रतिनिधिको उपस्थितिमा जेठ ७ गतेभित्र आंशिक र असार मसान्तभित्र सबै तलबभत्ता भुक्तानी गर्ने सहमति भएको थियो । यसपछि शिक्षकहरु काममा फर्केका थिए । तर आंशिक तलबभत्ता नै नदिएपछि पुनः उनीहरु आन्दोलनमा उत्रेका छन् ।

पालिकाले सशर्त अनुदानबाट १५ लाख रुपैयाँ विद्यालयको खातामा पठाएको प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्मा बताउँछन् ।

विद्यालयले शिक्षकलाई तलब खुवाउन केही दिन अघि १७ लाख ७८ हजार २७२ रुपैयाँको चेक भुक्तानी ल्याउन बैंक गएको थियो ।

तर एनएमबि बैंकमा रहेको विद्यालयको खातामा पालिकाले पठाएको रकम तत्काल चलाउन नपाउने गरी रोकेको छ । पालिकाले खातामा रहेको रकम रोक्का गर्दा शिक्षकहरुको तलब खुलाउन नसकेको प्रअ केवट बताउँछन् ।

पालिकाले विद्यालयमा भएको अनियमितता तथा श्रोत पहिचान गर्न जेठ ५ गते वडा नं.४ का वडाध्यक्ष निरज कार्कीको संयोजकत्वमा श्रोत पहिचान तथा परिचालन समिति गठन गरेको थियो । समितिले जेठ २० गते पालिकालाई बुझाएको प्रतिवेदनमा झण्डै ९० लाख रुपैयाँ अनियमितता तथा बेरुजु रहेको निष्कर्ष निकालेको छ ।

उक्त रकम पूर्व प्रअ लक्ष्मेश्वर मण्डल, वर्तमान प्रअ केवट र पूर्व विद्यालय व्यवस्थापन समितिले अनियमितता गरेको निष्कर्ष समितिको छ ।

समितिले निकालेको निष्कर्ष अनुसार अनियमितता तथा बेरुजु फछ्र्योट नभएसम्म पठाएको रकम उपयोग गर्न नपाउने पालिकाको अडान छ ।

'समितिको प्रतिवेदन अनुसार, देखिएको बेरुजु प्रअ केवट, पूर्व प्रअ मण्डल र पूर्व विद्यालय व्यवस्थापन समितिले पहिला फर्छ्योट गर्नुपर्छ । तर उनीहरु यो गर्न तयार छैनन् । अदालतमा मुद्दा हालेछन्' पालिका अध्यक्ष रामआशिष महतो भन्छन् 'त्यसै कारण यहाँबाट पठाएको रकम चलाउन नपाउने भनेर रोकेका हौं ।'

केवटले आफ्ना नजिकका निजी श्रोतका शिक्षक धर्मेन्द्र यादवलाई अहिलेसम्मको बाँकी ३ लाख रुपैयाँ तलबभत्ता भुक्तानी दिएको तर अन्य शिक्षकलाई थोरै पनि नदिएर मनोमानी गरेकाले पनि पालिकाको रकम रोकेको अध्यक्ष महतोको भनाइ छ ।

यता पूर्व प्रअ मण्डल आफूमाथि समितिले देखाएको बेरुजु विरुद्ध उच्च अदालत पुगेका थिए । उच्च अदालत जनकपुरमा गाउँपालिका कार्यालय, विद्यालय, वडाध्यक्ष र श्रोत पहिचान तथा परिचालन समितिमाथि दायर गरेको रिटमा जेठ २९ गते सुनुवाइ भएको थियो । उच्च अदालतले तत्काल प्रतिवेदन कार्यान्वयन नगराउन भनेर अन्तरिम आदेश दिएको छ । यसले विद्यालयमा झनै उल्झन बढेको छ ।

**दलीय प्रतिनिधित्वमा व्यवस्थापन समिति**

३१ जेठ २०७९ मा दलगत प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन भएको थियो ।

अध्यक्षमा नेकपा एमालेबाट रामकुमार पासवान, सदस्यहरुमा नेपाली कांग्रेसबाट वीरेन्द्र सिंह, नेकपा मोओवादी केन्द्रबाट जितन महतो, नेकपा एसबाट बबिता महतो, राप्रपाबाट बसन्ती कु. महतो र लोसपाबाट ममता महतो चयन भएका थिए ।

तर उपस्थित ३९ अभिभावकको भेलाबाट सर्वसहमति रुपमा कानुन अनुसार व्यवस्थापन समिति चयन भएको प्रअ केवटको भनाइ छ ।

तर, भर्खर गठन भएको व्यवस्थापन समितिलाई वैधता नदिने पालिकाले जनाएको छ । यो समितिलाई वैधता दिए वा नदिए पनि पालिकाले विद्यालयको समस्या समाधान गर्नु पर्ने नवगठित समितिका अध्यक्ष रामकुमार पासवनको भनाइ छ ।

'पालिका विद्यालयको समस्याबाट भागिरहेको छ । हाम्रो समितिलाई वैधता देओस् वा नदेओस्, तर समस्या समाधानतर्फ पालिका अध्यक्षसहित जनप्रतिनिधि र सरोकारवाला गम्भीर हुनुपर्छ । बालबालिकाको भविष्य खराब भइरहेको छ' उनले भने ।

*अनलाइन खबरबाट*


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा बिरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै बिना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्यीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- बिरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# पाल्कीमा चढेर स्कुल जान्थिन्, आँखा लाग्ला भनेर पर्दाभित्रै राखिन्थ्यो : छोरी सायरा बानोका लागि सुपरस्टार अभिनेत्रीले छोडिन् अभिनय

४० को दशककी सबैभन्दा सुन्दर अभिनेत्री नसिम बानोले ३१ वर्षसम्म फिल्मी उद्योगमा राज गरिन् । उनी यति सुन्दर थिइन् कि आँखा नलागोस् भनेर उनलाई पर्दाभित्र राखिन्थ्यो । यसै कारण उनलाई ब्युटी क्विन र पहिलो महिला सुपरस्टार भनिन्थ्यो ।

आमा नमाने पनि अभिनयमा आउनका लागि उनी भोक हडतालमा गइन् । तर छोरीको जिद्दीमा आमा झुक्नुपर्‍यो र फिल्मी यात्रा सुरु भयो । पहिलो फिल्मले उनलाई रातारात स्टार बनाइदियो । ४ दशकसम्म फिल्मी उद्योगमा राज गरेपछि उनले आफ्नी छोरी सायरा बानोका लागि फिल्ममा काम गर्न छोडिन् । आज नसिम बानोको पुण्यतिथीमा उनको जीवनका केही किस्साबारे जानकारी लिऔं ।



**यति सुन्दर कि नजर लाग्ला भनेर पर्दामा राखिन्थ्यो**

नसिम बानुको वास्तविक नाम रोशा आरम बेगम थियो । उनको जन्म ४ जुलाई सन् १९१६ मा पुरानो दिल्लीमा भएको थियो । नसिमकी आमा, शमशाद बेगम आफ्नो समयकी एक चर्चित गायिका थिइन् । नसिम बानुलाई शाही ढङ्गले हुर्काइएको थियो । उनी स्कूल पढ्न जाँदा पनि पाल्की चढेर जान्थिन् । नसिमको सुन्दरताको अन्दान यो कुराले लगाउन सकिन्छ कि कसैको नजर नलागोस् भनेर उनलाई सधैँ पर्दामा राखिन्थ्यो ।

**नसिमको सुन्दरता देखेर नै उनलाई फिल्ममा काम गर्न अफर दिइयो**

स्कूलको छुट्टीको दिनमा एकपटक नसिम आफ्नी आमासँग फिल्म सिल्भर किङको सुटिङ हेर्न गएकी थिइन् । सुटिङ देखेपछि उनलाई पनि नायिका बन्ने रहर जाग्यो । स्टुडियोमा नसिमको सुन्दरता देखेर उनलाई फिल्ममा काम गर्ने अफर पनि दिइयो तर उनकी आमाले नसिम सानै भएको भन्दै प्रस्ताव अस्वीकार गरिन् किनभने उनकी आमा नसिम डाक्टर बनोस् भन्ने चाहन्थिन् ।

**फिल्म 'खून का खून' बाट फिल्मी करियरको सुरुवात**

यतिबेला नसिम बानुलाई फिल्म निर्माता सोहराब मोदीले फिल्म 'खून का खून' का लागि मुख्य अभिनेत्रीको भूमिका अफर गरे । यो पटक पनि नसिमकी आमाले प्रस्ताव अस्वीकार गरेकी थिइन् तर यसपटक भने आमाले 'नाइँ' भनेपछि पनि नसिम 'नायिका बन्छु' भनेर जिद्दी गर्न थालिन् । यतिमात्रै होइन, आफ्नी आमालाई मनाउनका लाागि उनी भोक हड्तालमा पनि गइन् । अन्ततः उनकी आमाले जसरी पनि स्वीकारोक्ति दिनुपर्यो । त्यसपछि उनले फिल्म 'खून का खून' मा काम गर्न सुरु गरिन् ।

यो फिल्म सफल भएपछि नसिम पूरा देशभरी चिनिइन् । त्यसपछि नसिम सबै फिल्म निर्माताको पहिलो रोजाई बनेकी थिइन् । जब फिल्ममा बढी अफर आउन थाल्यो तब उनले आफ्नो स्कूलको पढाई छोडिन् र फिल्म इन्डष्ट्रिमा पूर्ण रुपमा लाग्न थालिन् ।

**फिल्म पुकारबाट पाइन् ठूलो सफलता**

उनले मिनर्वा मुभिटोन ब्यानरअन्तर्गत मोदीसँग थुप्रै फिल्म बनाइन् जसमा तलाक, मिठा जहर, बसन्तीजस्ता फिल्म समावेश थिए तर फिल्म पुकारमा नसिम 'नूर जहां' को भूमिका निभाएर चर्चित भइन् । त्यसपछि नसिमलाई अन्य फिल्मका लागि अफर आयो तर सोहराब मोदीसँग भएको सम्झौताका कारण उनले उक्त प्रस्ताव स्वीकार गर्न सकिनन् । यो कुरामा नसिम र सोहराबबीच केही खटपट पनि भएको थियो ।

**सन् १९४७ मा विभाजनपछि नसिम श्रीमानसँग पाकिस्तान गइन्**

नसिम बानुले आफ्नो बाल्यकालका साथी मियां अहसान-उल हमसँग विवाह गरेकी थिइन् जसले ताज महल पिक्चर्स ब्यानरको सुरुवात गरेका थिए । यो ब्यानरअन्तर्गत नसिम र उनका श्रीमानले थुप्रै फिल्मको निर्माण गरेका थिए । सन् १९४७ मा विभाजनपछि दुबै पाकिस्तान गए तर नसिम आफ्ना दुई बच्चालाई लिएर त्यहाँबाट भारत फर्किइन् ।

**छोरीका लागि छोडिन् आफ्नो फिल्मी करियर**

फिल्म 'अजिब लड्की' नसिम बानुको अन्तिम फिल्म थियो । यो फिल्मपछि नसिमले आफ्नो अभिनय करियरलाई बाइबाइ भनिन् । यो त्यहि समय थियो जब उनकी छोरी सायरा बानो फिल्मी पर्दामा देखिने तयारीमा थिइन् । नसिम आफ्नी छोरीको तुलना उनीसँग होस् भन्ने चाहन्थिनन्, त्यसैले पनि उनले फिल्मबाट सन्यास लिएको बताइन्छ ।

**छोरी सायराको फिल्मका लागि लुगा पनि डिजाइन गरिन्**

त्यसपछि नसिमले फेसन डिजाइनरको रुपमा काम गरिन् र आफ्नी छोरीको थुप्रै फिल्मका लागि उनले ड्रेस पनि डिजाइन गरिन् । एक रिपोर्टका अनुसार सायरा बानो र दिलिप कुमारको विवाहमा नसिमको ठूलो भूमिका थियो पनि भनिन्छ । अन्ततः १८ जून सन् २००२ मा ८५ वर्षको उमेरमा नसिमले अन्तिम सास फेरिन् । - एजेन्सी

# केही दृश्य काटछाट गरेपछि 'परस्त्री' सेन्सर पास




काठमाडौं । फिल्म 'परस्त्री' सेन्सर पास भएको छ । केही दृश्यको काटछाटपछि फिल्म सेन्सर पास भएको हो ।

फिल्म निर्माता दीपेन्द्र के खनालले सामाजिक सञ्जालमार्फत फिल्मको सेन्सर पास भएको जनाएका छन् । चलचित्र सेन्सर बोडले फिल्मलाई पिजी प्रमाण पत्र दिँदै प्रदर्शनका लागि पास गरेको हो । अब यो फिल्म १६ वर्षभन्दा कम उमेरकाले अभिभावकका साथ हेर्नु पर्नेछ ।

फिल्ममा रहेको केही हिंसात्मक दृश्य, चुम्बन र बेड सिनका कारण केही दिन अगाडि सेन्सरका लागि सच्याउन अनुरोध गरेको थियो ।

डीएस डिजिटलले निर्माण गरेको फिल्मका निर्देशक सुरज पाण्डे हुन् । फिल्ममा कोशिश क्षेत्री, गौरव विष्ट, शिल्पा मास्के, एलिसा क्षेत्री, अशान्त शर्मा, गीत विष्ट, रामबाबु रेग्मी, सरस्वती अधिकारी आदिको अभिनय रहेको छ । फिल्म १५ असारबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । - एजेन्सी

# आदिपुरुष बाहेकका हिन्दी फिल्म चलाउने चलचित्र संघको निर्णय




काठमाडौं । नेपाल चलचित्र संघले हिन्दी आदिपुरुषबाहेक अन्य हिन्दी फिल्म चलाउने निर्णय गरेको छ । शुक्रबार एक विज्ञप्ति जारी गर्दै संघले सो जानकारी गराएको हो ।

उच्च अदालत पाटनले २०८० असार ७ गते विपक्षीहरुको नाममा हिन्दी चलचित्र प्रदर्शनमा रोक नलगाउन अल्पकालीन आदेश जारी गरेको थियो ।

उक्त आदेशको सम्मान गर्दै शुक्रबारबाटै नेपालभर फिल्म प्रदर्शन गर्ने निर्णय गरेको संघले जनाएको छ ।

यस्तै नेपाल कानुनको अधिनमा रही स्वतन्त्र रुपमा व्यवसायी गर्न पाउनु आफ्नो नैसर्गिक अधिकार रहेको समेत संघले बताएको छ । केही दिनअघि काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले हिन्दी सिनेमा आदिपुरुषमा रहेको संवादका विषयलाई लिएर काठमाडौं महानगरभित्र हिन्दी फिल्म रोक लगाउने गरेका थिए । बालेनको यस्तो निर्णयपछि पोखरा महानगरपालिका लगायतका केही स्थानीय निकायले पनि हिन्दी फिल्म रोक लगाउने निर्णय गरेका थिए ।- एजेन्सी


# आदिपुरुषमाथि दीपिकाको आक्रोश – यस्तो देखाउनुभन्दा गाईवस्तु देखाउनू

दक्षिण भारतीय फिल्म 'आदिपुरुष' रिलिज भएदेखि नै विवादमा फसेको छ।

भारत र नेपालमा फिल्मको चर्को विरोध भइरहेको छ। नेपालमा रिलिज बन्द गरिएको यो फिल्ममाथि भारतमा पनि प्रतिबन्ध लगाउन माग दर्शकले गरिरहेका छन्।

यसैबीच रामानन्द सागरको 'रमायण'मा सीताको भूमिका निभाएकी अभिनेत्री दीपिका चिखलिया पनि 'आदिपुरुष'को विरोध गरेकी छन्।

उनले ३६ वर्षअघि सीता चरित्र निभाउँदा पहिरिएको सारी लगाएर भिडिओमार्फत् फिल्ममाथि टिप्पणी गरेकी छन्। फिल्मप्रति आक्रोश व्यक्त गर्दै रामायाणमा फिल्म बनाउन नहुने प्रतिकृया दिएकी छिन्। भिडियो सेयर गर्दै उनले भनेकी छिन्, 'यदि तपाईंसँग कन्टेन्टको कमी छ भने त्यसमा किन फिल्म बनाउनुहुन्छ? आदिपुरुष जस्तो फिल्म बच्चाले हेरे भने साँचो रामायण तोडमोड हुने उनले बताइन्। उनले भनेकी छिन्, 'यो गल्ती गर्दै हुनुहुन्छ, रामायण विरासत हो, जसलाई हानी गरिरहनुभएको छ। ८-१० वर्षको बच्चाले यो देख्यो भने उसलाई लाग्छ रामायण यही नै हो। त्यसो भए त्यस्ता कुराहरू पटक्कै नगर्नुहोस्, सबै कुरा छुट्याउन चाहन्छु, यो मामिलामा, अरु केही तयार हुन्छ, देखाउन चाहनुहुन्छ भने रामायण होइन, गाईवस्तु देखाउनुहोस्।'दीपिकाले रामायणमा फिल्म र सिरियल बनाउनुभन्दा विद्यालयमा विषयको रूपमा पढाउनु पर्ने बताएकी छिन्।



भिडियो सेयर गर्दै उनले लेखेकी छिन्, 'यो पोस्ट जनताको मागमा गरिएको हो। त्यो पात्रको लागि मैले पाएको मायाको लागि म सधैं आभारी रहनेछु। म सीताजीको रूपमा धेरै माग्न सक्दिनँ।'

फिल्म रिलिजअघि कृति सेननको तुलना अभिनेत्री दीपिका चिखलियासँग भएको थियो। तर रिलिजपछि फिल्म र फिल्मका पात्रको आलोचना भइरहेको छ।

दीपिकाको यो भिडिओमुनि फ्यानहरूले समर्थन गरेका छन्। दीपिकाजस्तो माता सीताको चरित्र कसैले खेल्न नसक्ने र रामानन्द सागरको रामायणजस्तो रमायणको पुननिर्माण हुन नसक्ने प्रतिक्रिया उनीहरूले दिएका छन्।


# आदिपुरुषप्रति रामायणका 'लक्ष्मण' – फिल्म हेर्दा म यहाँ किन आएँ लाग्यो, सोचेँ पर्दा च्यातिदिऊँ

ओम राउत निर्देशित दक्षिण भारतीय फिल्म 'आदिपुरुष' रिलिज भएदेखि नै विवादमा परेको छ।

फिल्मका धेरै दृश्य र संवादलाई लिएर दर्शकहरूले आपत्ति जनाएका छन्। चलचित्रलाई नेपालमा काठमाडौं, पोखरा र धरानमा प्रतिबन्ध लगाइएको थियो। त्यसपछि नेपाल विक्रेताले देशभर प्रदर्शन रोकेका छन्। भारतमा पनि धेरै राज्यमा पनि प्रतिबन्ध लगाउन माग भइरहेको छ।


हालै आदिपुरुष हेरेपछि रामानन्द सागरको टेलिशृंखला रामायणमा लक्ष्मणको भूमिका निभाएका सुनिल लोहरी पनि आक्रोशित भएका छन्। आदिपुरुष हेरेपछि चरम निराशा व्यक्त गर्दै निकै जल्जास्पद बताएका छन्।

एक टेलिभिजनमा अन्तर्वार्ता दिँदै उनले फिल्म हेर्दा आफूलाई फिल्मको पर्दा च्यादिन मन लागेको बताएका छन्।



उनले भनेका छन्, 'यो किन बनाएको? किन बनाएको? मलाई फिल्म हेर्दा लाग्यो म किन हेर्न आएँ? पर्दा च्यात्दिऊँ जस्तो भयो।' उनले सामाजिक सञ्जाल पोस्टमा लेखेका छन्, 'रामायणलाई ध्यानमा राखेर फिल्म 'आदिपुरुष' बनाइएको भनिएको छ, यदि यो सत्य हो भने यस्तो भाषाको प्रयोग निकै लाजमर्दो छ।' उनले संस्कृतिसँग खेलबाड नगर्न सुझाव दिँदै आक्रोशित हुँदै भनेका छन्, 'संवाद पनि बेकार छ। के तपाईं कल्पना गर्नसक्नुहुन्छ कि हनुमानजी तेल तेरो बाउको, कपडा तेरो बाउको, बआगो तेरो बाउको भन्छन्?' आदिपुरुष निर्माण टिमले देशवासी र दर्शकको भावनासँग खेलेको बताउँदै उनले निर्माण टिमलाई लज्जावोध गर्न भनेका छन्।- एजेन्सी

# कोलेस्ट्रोल घटाउने घरेलु उपाय थाहा पाउनुहोस्, यस बाट टाढा रहनुहोस्



कोलेस्ट्रोल घटाउने घरेलु उपायः आजकाल लगभग सबै उमेरका मानिसलाई उच्च कोलेस्ट्रोलको समस्याले सताउने गरेको छ । तीव्र गतिमा बदलिएको जीवनशैली, जंक फूडको अत्याधिक उपभोग र शारीरिक क्रियाकलापको कमी यस समस्याको प्रमुख कारण हुन् । कोलेस्ट्रोलका कारण कतिपयलाई हृदयाघात पनि हुन सक्छ । युवाको गलत बानीले कोलेस्ट्रोल बढाउने कारण बनिरहेको छ । जब कोलेस्ट्रोल बढ्छ, डाक्टरहरूले औषधि दिन्छन् जसले आराम दिन्छ। तर केही घरेलु उपाय अपनाएर यो समस्याबाट धेरै हदसम्म राहत पाउन सकिन्छ । आउनुहोस्, आज हामी तपाईलाई कोलेस्ट्रोलबाट राहत पाउन सक्ने गहिरो टिप्स बताउन गइरहेका छौं।

१. ग्रीन टीः मेडिकल न्यूज टुडेमा प्रकाशित समाचार अनुसार, ग्रीन टी प्रायः तौल घटाउन प्रयोग गरिन्छ। मोटोपनबाट पीडित व्यक्तिहरूले यसको प्रयोग गर्छन्। तर कोलेस्ट्रोलका लागि पनि यो निकै फाइदाजनक हुन्छ । यसको नियमित सेवनले खराब कोलेस्ट्रोल कम हुन्छ ।

२. टमाटरको जुसः टमाटरको जुसमा धेरै स्वास्थ्य लाभहरू छन्। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। कोलेस्ट्रोलको समस्या भएका बिरामीले पनि टमाटरको जुस सेवन गर्नुपर्छ । यसले खराब कोलेस्ट्रोल कम गर्छ।

३. लसुन : लसुन सबैको भान्छामा पाइन्छ । यसलाई चटनी बनाउनदेखि तरकारी बनाउन प्रयोग गरिन्छ। लसुन धेरै रोगहरु को उपचार को लागी प्रयोग गरिन्छ। यसले नसामा रहेको रक्तचाप र खराब कोलेस्ट्रोललाई सफा गर्छ। यसले रक्तसञ्चारलाई पनि निको पार्छ ।

४. बेसारः बेसार धेरै औषधीय गुणहरूले भरिपूर्ण छ। बेसारमा स्वास्थ्यका लागि धेरै फाइदा हुन्छ । यसमा पाइने पोषक तत्वले नसामा जम्मा भएको खराब कोलेस्ट्रोललाई बाहिर निकाल्छ । दूधमा बेसार मिसाएर पिउन सकिन्छ ।

५.फ्याक्ससीड्सः फ्ल्याक्ससीड्सलाई कोलेस्ट्रोल घटाउने रामबाण उपाय मान्न सकिन्छ। आयुर्वेदमा यसलाई कोलेस्ट्रोल घटाउने उत्तम उपाय मानिन्छ । अलसीको दानालाई पिसेर धूलो बनाउन सकिन्छ र दैनिक एक चम्चा धूलो मनतातो पानीसँग खाली पेटमा सेवन गर्न सकिन्छ । यसो गर्दा तपाईको पाचन प्रणाली ठिक हुन्छ र तपाईलाई कोलेस्ट्रोलको समस्याबाट राहत मिल्छ ।

६.अमलाः अमलामा धेरै पोषक तत्व पाइन्छ। यसमा भिटामिन सी पाइन्छ । अमलाले नसाबाट खराब कोलेस्ट्रोल निकाल्छ। यसका लागि दैनिक एक चम्चा अमलाको धूलो मनतातो पानीसँग खानुपर्छ ।- एजेन्सी

# थोरै प्रकाशमा पनि सप्रन्छन् यी बोटबिरुवा, घरभित्र लगाउँदा हावा शुद्ध हुने



घर बाहिर थुप्रै बिरुवा राम्रोसँग हुर्कन्छन् तर घर भित्र हरियाली कायम राख्न मुस्किल हुन्छ । किनभने कुनै पनि प्लान्टलाई हरा-भरा राख्नका लागि सूर्यको प्रकाश आवश्यक हुन्छ । यस्तोमा धेरै मानिसको घरभित्र प्लान्ट्स लगाउने इच्छा अधुरो रहन्छ । तर यस्ता केही प्लान्ट्स पनि छन् जुन घामको किरण बिना पनि र ाम्रोसँग हुर्कन्छन् । यिनीहरूलाई लो लाइट प्लान्ट्सको नामले पनि चिनिन्छ । यी बोटबिरुवालाई तपाईं आफ्नो घर भित्रका कम प्रकाश भएको स्थानमा पनि लगाउन सक्नुहुन्छ । फोर्ब्स डटकमले यहाँ यस्ता केही प्लान्ट्सबारे जानकारी दिएको छ जसलाई कम प्रकाश भएको स्थानमा लगाउन सकिन्छ ।

चाइनिज एभरग्रीन प्लान्ट

यो प्लान्टलाई एग्लोनेमाको नामले पनि चिनिन्छ । यसलाई सूर्यको किरण खासै चाहिँदैन । यद्यपि, यसमा क्लोरिनयुक्त पानी भने हाल्नुहुँदैन नभए यो सुक्न सक्छ । यो पानीलाई अलि बढी तापक्रम चाहिन्छ । यसलाई घरभित्र पनि लगाउन सकिन्छ ।

अबकत ष्चयल उबिलतकास्ट आइरन प्लान्ट

यो चमत्कारिक प्लान्टलाई यसको आफ्नै गुणका कारण यस्तो नाम दिइएको हो । यदि तपाईंलाई बोटबिरुवाको राम्रो अनुभव छ भने तपाईंले यो प्लान्ट लगाउन सक्नुहुन्छ । यसलाई खासै धेरै हेरविचार पनि चाहिँदैन । यो प्रकाश बिना पनि राम्रोसँग हुर्कन सक्छ ।

सिंगोनियम प्लान्ट

यो प्लान्टलाई एरोहेड पनि भनिन्छ । यो बिरुवालाई तपाईं कटिङ गरेर राम्रोसँग लगाउन सक्नुहुन्छ । यसले भरपुर मात्रामा अक्सिजन दिन्छ र हावालाई पनि शुद्ध बनाउँछ । तपाईं यसलाई माटो वा पानी दुबैमा हुर्काउन सक्नुहुन्छ । यसको सानो बोट तपाईं बोतल वा अरू कुनै गमलामा लगाउन सक्नुहुन्छ ।

स्नेक प्लान्ट

हावालाई शुद्ध गर्नका लागि स्नेक प्लान्टलाई उत्कृष्ट प्लान्ट मानिन्छ । यसलाई तपाईं माटो वा पानी दुबैमा लगाउन सक्नुहुन्छ । यद्यपि, यसलाई सधैं पानी दिइरहनु पर्दैन । यसलाई तपाईंले आफूले चाहेको स्थान, आफ्नो बेडरुम र लिभिङ रुममा राख्न सक्नुहुन्छ ।

फिलोडेन्ड्रोन प्लान्ट

यो प्लान्ट हावालाई शुद्ध राख्न निकै उपयोगी मानिन्छ । यो फिलोडेन्ड्रोन प्लान्टका थुप्रै प्रकार हुन्छन् । जब यो प्लान्ट बढ्न थाल्छ तब यसलाई सहाराको आवश्यकता पर्छ, त्यसैले तपाईंले गमलामा कुनै लट्ठी राख्न सक्नुहुन्छ ।- एजेन्सी







# जनकपुरधाम उपमहानगरले आव २०८०/०८१ को लागि ल्यायो २ अर्ब २८ करोड २३ लाख ६८ हजारको बजेट



**खबर दर्पण समाचारदाता**

**असार ८ गते, जनकपुर**

जनकपुरधाम उपमहानगर पालिकाले अगामी आर्थिक वर्ष २०८०/८१ का लागि २ अर्ब २८ करोड २३ लाख ६८ हजार २९० रुपैयाँको बजेट ल्याएको छ ।

उपमहानगरपालिकाले शुक्रबार आयोजना गरेको १०औँ नगर अधिवेशनमा नगर उपप्रमुख किशोरी साहले आर्थिक वर्ष २०८०/८१ का लागि २ अर्ब २८ करोड २३ लाख ६८ हजार २९० रुपैयाँको बजेट प्रस्तुत गरेका हुन् ।

'सफा, स्वच्छ, सुन्दर र सु-संस्कृत जनकपुरधाम उपमहानगर' बनाउने नारा सहित उपप्रमुख साहले नगर सभालाई सम्बोधन गर्दै विनियोजित खर्चमध्ये चालु खर्च १ अर्ब १३ करोड ६२ लाख, पुंजिगत खर्च ५६ करोड ९५ लाख १८ हजार २९०, वित्तिय व्यवस्थापन तर्फ ५ करोड ३३ लाख ३४ हजार र युआरएलआईपी संचालन तर्फ ५२ करोड ३३ लाख १७ हजार रुपैयाँ बजेट बिनियोजन गरेको जानकारी दिए ।

उनले यसका अतिरिक्त विनियोजन बजेटमा अन्य अनुदान शिर्षक अन्तर्गत सामाजिक सुरक्षा भता लगायतमा बजेट सिलिङ्ग प्राप्त नभएकोले सामाजिक सुरक्षा भता लगायतका थप शिर्षकमा विनियोजित भई आउने रकम सोही अनुसार विनियोजन हुने बताए ।

उल्लेखित खर्च व्यहोर्न कुल राजश्वको अनुमान २ अर्ब २८ करोड २३ लाख ६९ हजार २९० रुपैयाँ पेश गरिएको छ । जसमध्ये आन्तरिक स्रोतबाट ८० करोड ४३ लाख ११ हजार २९०, वाह्य स्रोतबाट १ अर्ब ३९ करोड ४२ लाख ९८ हजार तथा युआर एलआईपी संचालनको लागि नगर विकास कोषबाट प्राप्त हुने आन्तरिक ऋण ८ करोड ३७ लाख ६० हजार राजश्व, ऋण तथा अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

आन्तिरिक स्रोततर्फ आन्तरिक राजश्व २१ करोड, नेपाल सरकार राजश्व बाँडफाँडबाट ३४ करोड ८४ लाख २६ हजार एक सय, प्रदेश सरकार राजश्व बाँडफाँडबाट १ करोड ८८ लाख ८५ हजार १९०, नगर विकास कोष ऋण ८ करोड ३७ लाख ६० हजार र जनसहभागिताबाट २ करोड ७० लाख प्राप्त हुने अनुमान गरिएको छ । यस उपमहानगरपालिकाको सञ्चित कोषमा बैंक मौज्दात २० करोड रहने अनुमान छ ।

वाह्य स्रोततर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट १ अर्ब ३९ करोड ४२ लाख ९८ हजार राजश्व र अनुदान प्राप्त हुने अनुमान गरिएको छ । नेपाल सरकारको सशर्त अनुदानबाट ६० करोड २९ लाख र नेपाल सरकार समानीकरण अनुदानबाट ३२ करोड ५० लाख, नेपाल सरकार समपुरक अनुदानबाट १ करोड २५ लाख र युआरएलआईपी कार्यक्रम संचालनको लागि ४० करोड १२ लाख २३ हजार गरि जम्मा १ अर्ब ३४ करोड १६ लाख २३ हजार राजश्व तथा अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकार सशर्त अनुदानबाट १ करोड ५० लाख, प्रदेश सरकार विशेष अनुदानबाट ७५ लाख, प्रदेश सरकार समपुरक अनुदानबाट ५० लाख र प्रदेश सरकार समानिकरण अनुदानबाट २ करोड ५१ लाख ७५ हजार गरी ५ करोड २६ लाख ७५ हजार राजश्व तथा अनुदान प्राप्त हुने अनुमान छ ।

त्यस्तै, सार्वजनिक स्थानमा फोहर मैला संकलनको लागि डस्टबिन व्यवस्थापन गर्न ३० लाख, लामखुट्टे नियन्त्रणको लागि अध्ययन गर्न २० लाख तथा सोको प्रतिवेदन अनुरुप कार्य गर्न थप २ करोड ५० लाख, नगरपालिकाको आफ्नो सवारी साधन पार्किंगस्थल तथा ग्यारेजको लागि १ करोड ५० लाख, नगर सौन्दर्यकरण योजना तथा फोहर मैला प्रसोधन केन्द्र निर्माणको लागि २ करोड ५ लाख, रंगभूमि मैदान व्यवस्थापनको लागि सहलगानी अनुरुप २० लाख, रामजानकी अन्तर्राष्ट्रिय रंगशालामा थप निर्माण गर्न २० लाख र घुम्ती शौचालय खरिद गरि संचालन गर्न ३५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

कार्यक्रममा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख मनोजकुमार साहले स्वास्थ्य, शिक्षा, पूर्वाधारको विकासलाई जोड दिनुका साथै सुशासनलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउँदै असारे विकासलाई निरुत्साहित गरिने भन्दै उनले उपमहानगर पालिकाको प्रशासनिक सेवालाई चुस्तदुरुस्त बनाउँदै परम्परागत विधिलाई परिमार्जित गर्दै उपमहानगरपालिकाको सबै वडालाई अनलाइन प्रविधिसँग जोडिने बताए । उनले जनकपुर धामलाई नेपालको सांस्कृतिक राजधानी घोषणा गर्न नेपाल सरकारसँग पहल गरिने समेत बताए ।

सडकमा खुला रूपमा विचरण गर्ने छाडा चौपायाहरुको उचित व्यवस्थापनका लागि एक वडा नं. १२ मा पहिलो चरणको गौशाला निर्माण सम्पन्न भएको बताउँदै उनले सोको सञ्चालन २०८० श्रावण १ गतेबाट हुने जानकारी दिए । सामूहिक, व्यावसायिक खेतीलाई प्रोत्साहन गर्दै बजार सुनिश्चित गरिनुका साथै सोको लागि सार्वजनिक निजि साझेदारीमा एक वैज्ञानिक तथा व्यवसायिक अत्याधुनिक व्यवसायिक कृषि बजार सञ्चालन गरिनेछ ।

सार्वजनिक निजि साझेदारीमा जनकपुरधाम उपमहानगर पालिकामा एउटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ । "एक टोल एक सामूहिक कृषि उत्पादन, उत्पादन क्षेत्र" नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

युवालक्षित सहकारी र सामुदायिक खेती प्रणालीमा प्रोत्साहित खेती गरिनेछ । साना किसानहरुलाई सिँचाइका लागि निःशुल्क वाटर पम्प तथा ट्युबेल वितरणमा नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ ।

# जग्गा विवादमा एकजना वृद्धको हत्या भएको आरोप

**खबर दर्पण समाचारदाता**

**असार ८ गते, महेन्द्रनगर**

धनुषाको महेन्द्रनगरमा जग्गा विवादमा एकजना वृद्धको हत्या भएको आरोप लगाइएको छ ।

क्षीरेश्वरनाथ नगरपालिका - ९ कुम्हरौलमा पर्ने जनकपुरधाम-ढल्केवर राजमार्गमा दुई पक्षबीच विवाद हुँदा ७० वर्षीय भोला ठाकुर बरहीको मृत्यु भएको छ ।

जानकी मेडिकल शिक्षण अस्पताल रमदैयामा उपचारको क्रममा उनको बुधबार राति मृत्यु भएको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जनाएका छन् ।

गौतमका अनुसार मृतक भोला दमका रोगी थिए । विवादमा बटेश्वर गाउँपालिका ५ शान्तिपुरका सुनिल साहले कोदालोले प्रहार गर्ने भन्दै हातपात गर्दा वृद्ध भुइमा लडेको बताइएकोछ ।

यद्यपि अर्को पक्षले होहल्ला मात्रै भएको र हातपात वा कुटपिट केही नभएको दाबी गर्दै आएका छन् ।

अहिले मृतक भोलाको शव पोस्टर्माटमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ । प्रहरी घटनास्थल पुगेर मुचुल्का उठाएको डीएसपी गौतमले बताए ।

मृतक भोलाका छोरा श्याम शर्माले इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा जाहेरी दिएका छन् ।

उनले सुनिल साह र अनिल चौधरीलाई विपक्षी बनाइ ज्यान मार्ने सम्बन्धी मुद्दा दर्ताका लागि जाहेरी दिएको प्रहरीले पनि पुष्टी गरेका छन् । तर यस विषयमा आवश्यक अनुसन्धान गरी मात्रै आरोपिमाथि मुद्दा चलाउने प्रहरीले जनाएको छ ।

पोष्टमार्टमको रिर्पोटपछि मात्र अनुसन्धानको प्रक्रिया निष्कर्षमा पुग्न सक्ने प्रहरीको कथन छ । यदी वृद्ध रोगको कारण मृत्यु भएको पोष्टमार्टम रिपोर्टले देखाए भने त्यस्तो अवस्थामा हत्याको जाहेरी दर्ता नहुने प्रहरी अधिकारीहरुले जनाएका छन् ।

यस विषयमा सुनिल र अनिलले आफूहरु संग मौखिक रुपमा वादविवाद मात्र भएको कुनै किसिमको हातपात र कुटपिट मात्र भएको बताए । अनिलको अनुसार वादविवाद हुने क्रममा वृद्ध लडेको थियो , लडे पछि आफू आफ्नो गाडीमा राखेर नै अस्पताल सम्म पुर्याएको थिए । घटना स्थलमा आफू पछि पुगे र वृद्धलाई अस्पताल लगेको तर नहुने घटना भयो अनिलको भनाइ छ । उनले घटनामा राजनीतिकरण भएको आरोप लगाए ।

# एमालेबाट निर्वाचित उपमेयर नै भारतीय नागरिक, मुद्दा दर्ता गर्न अदालतको आदेश

**खबर दर्पण समाचारदाता**

**असार ८ गते, सप्तरी**

उच्च अदालत जनकपुरले सप्तरीको डाक्नेश्वरी नगर पालिकाकी उपमेयर मीराकुमारी यादवविरुद्ध मुद्दा दर्ता गर्न आदेश दिएको छ। यादव नेकपा एमालेबाट निर्वाचित उपमेयर हुन् ।

अदालतले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयलाई उपमेयर यादवविरुद्ध अनुसन्धान गरी मुद्दा दर्ता गर्न आदेश दिएको थियो ।उक्त आदेश असार ३ गते प्रमाणीकरण भएको हो । अदालतले असार ६ गते सरकारी वकिल कार्यालयलाई पत्राचार गरी विपक्षीलाई आदेशका बारेमा जानकारी गराउनसमेत भनेको छ ।

उपमेयर यादवले भारतीय नागरिकता लिएको दाबी गर्दै कारबाहीको माग गर्दै जनप्रतिनिधिमा निर्वाचित भइसकेपछि कृष्णकुमार यादवले गत वर्ष प्रहरी कार्यालयमा उजुरी दिएका थिए । तर प्रहरीले मुद्दा दर्ता गर्न नमानेको भन्दै डाकनेश्वरी नगरपालिका वडा नं.३ का कृष्णकुमारले उच्च अदालतमा रिट दायर गरेका थिए । सो रिटमाथि सुनुवाइ गर्दै उच्च अदालतले मुद्दा दर्ता गर्न आदेश गरेको हो ।

'निवेदक कृष्णकुमार यादव र विपक्षी जिल्ला प्रहरी कार्यालय राजविराज, सप्तरीसमेत भएको परमादेश रिट निवेदनमा विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ठहरी यस अदालतबाट जेठ ५ गते आदेश भई उक्त आदेश असार ३ गते प्रमाणीकरण भएको हुँदा उक्त आदेशको प्रमाणित प्रतिलिपिसमेत यसै साथ राखी जानकारी गराइएको छ',अदालतको पत्रमा भनिएको छ ।

उपप्रमुख मीराकुमारी र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायतअन्तर्गतको मझारी गाउँका स्थानीय भएको भन्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मीरा, महेन्द्रसहित उनीहरूका सन्तानले समेत झुठा विवरण पेस गरेर नेपाली नागरिकता लिएको आरोप उजुरीमा लगाइएको छ । भारतको मतदाता नामावलीमा समेत उपमेयर मीराको नाम रहेको दाबी उजुरीमा गरिएको छ ।-न्यूजगृह

# बाल अधिकार सचेतना समुह सँग कार्यक्रम तथा अगामी रणनीति बारे छलफल



**दिवेशकुमार महतो**

**असार ८ गते, ढल्केवर**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश द्वारा धनुषाको मिथिला नगरपालिका स्थित श्री जनता माध्यमिक विद्यालय र महेन्द्र माध्यमिक विद्यालयमा गठन गरिएको बाल अधिकार सचेतना समुहका पदाधिकारीहरुसँगको कार्यक्रम तथा अगामी रणनीति बारे छलफल गरिएको छ।

इन्सेक मधेस प्रदेश संयोजक राजु पासवान, कार्यक्रम फोकल पर्सन बरुण बस्याल सहित मानव अधिकार शिक्षा कार्यक्रम का केन्द्रिय फोकल पर्सन सोना प्याकुरेलको उपस्थितमा गरिएको छलफल कार्यक्रममा बाल अधिकार सचेतना समूहले यस वर्ष गरेका विभिन्न क्रियाकलाप तथा उपलब्धी बारे छलफल गर्नुको साथै अगामी रणनिती बारे समेत छलफल गरिएको थियो ।

शुक्रबार मिथिला नगरपालिका वार्ड नं ६ ढल्केवर स्थित महेन्द्र मावि मा , सोहि विधालय व्यवस्थापन समितिका अध्यक्ष चन्देश्वर महतोको उपस्थितिमा आगामी कार्ययोजना बारे छलफल गरिएको कुरा इन्सेक धनुषा जिल्ला सहजकर्ता अनिता यादवले बताउनुभयो।

साथै सोहि नगरपालिकाको वार्ड नं २ स्थित रहेको श्री जनता माध्यमिक विद्यालय मा रहेको बाल अधिकार संचेतना समुह का पदाधिकारी सँग समेत छलफल गरिएको बताउनुभयो।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा